apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्ष: १२ ● अंक: १२३ ● पृष्ठ: ४ ● ०७ जेठ २०८३ विहीबार (21 May 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/




## जेनजी आन्दोलनले मधेश प्रदेशमा झन्डै ३ अर्ब बराबरको लेखापरीक्षण हुन सकेन

अपन दैनिक संवाददाता
सिरहा, जेठ ०६ गते

गत वर्ष भएको जेनजी आन्दोलनका कारण मधेश प्रदेश सरकारको करिब तीन अर्ब रूपैयाँ बराबर आर्थिक कारोबारको लेखापरीक्षण हुन नसकेको पाइएको छ।

आर्थिक वर्ष २०८१/०८२ मा भएको लेखापरीक्षण तथा आर्थिक अनुगमनसम्बन्धी समेटिएको प्रतिवेदनअनुसार दुई अर्ब ९१ करोड ४२ लाख १२ हजार बराबरको कारोबार परीक्षण हुन नसकेको पाइएको हो।

महालेखापरीक्षक कार्यालयका नायव महालेखा परीक्षक ताराप्रसाद पाण्डेले मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णलाई सो लेखा परीक्षण प्रतिवेदन हस्तान्तरण गरेका छन्।



प्रतिवेदनमा भनिएको छ, 'प्रदेश सरकारका ९ मन्त्रालय र मातहत कार्यालयले २०८२ भदौ २३ र २४ गते भएको जेनजी आन्दोलन र घटनाको कारण श्रेस्ता पेस गर्न र लेखापरीक्षण गराउन कागजागत पेस गर्न नसकिएका कारण दुई अर्ब ९१ करोड ४२ लाख १२ हजारको लेखापरीक्षण गर्न सकिएको छैन।'

प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्रालयले ७८ करोड २७ लाख ३३ हजार, प्रदेश सभाले ३८ करोड २१ लख ८० हजार, मुख्यमन्त्री कार्यालयले ५९ करोड १३ लाख ९५ हजार, वन तथा वातावरण मन्त्रायलले २७ करोड १६ लाख ९५ हजार र श्रम तथा यातायात मन्त्रालयले ७६ करोड १३ लाख ६० हजार रुपैयाँ बराबरको कागजात उपलब्ध नगराउँदा लेखा परीक्षण गराउन नसकेको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनअनुसार प्रदेश सरकारले कुल बजेटमध्ये आफू मातहतका १३४ सरकारी कार्यालयको ४५ अर्ब ७० करोड, ७४ लाख ७१ हजार र समिति तथा अन्य १६ संस्थाको ३ अर्ब ९८ करोड ६४ लाख ७२ गरी कुल ४९ अर्ब ६९ करोड ३९ लाख ४३ हजारको लेखापरीक्षण सम्पन्न गराएको छ।

महालेखापरीक्षकको कार्यालयले प्रदेश सरकारको वित्तीय व्यवस्थापनमा कमजोरी देखिएको निष्कर्ष निकालेको छ। प्रतिवेदनमा खर्चको तुलनामा अभिलेख व्यवस्थापन कमजोर रहेको, कतिपय कार्यालयले बैंक मिलान विवरणसमेत नियमित नराखेको तथा

बाँकी पृष्ठ ३ ▶▶

## २६ ग्रामभन्दा बढी ब्रउनसुगर बोकेका एकजना भारतीयसहित ३ जना पक्राउ

अपन दैनिक संवाददाता
सिरहा, जेठ ०६ गते

सिरहा प्रहरीले २६ ग्रामभन्दा बढी प्रतिवन्धित लागुपदार्थसहित ३ जनालाई पक्राउ गरेको छ। सिरहा-चोहर्वा सहायक सडक अन्तर्गत विष्णुपुर गाउँपलिका १ बाट औरही गाउँपलिका ४ का ३२ वर्षिय रामउदगार यादव, सिरहा नगरापलिका २२ का ३६ वर्षि राम बिलेक्षण यादव र भारत विहारको मधुवनी ग्राम पञ्चायत खाजेडी ५ का अन्दाजी २१ वर्षिय चन्दन कामतीलाई २६ ग्राम १८० मिलिग्राम ब्राउनसुगरसहित मंगलबरा राती नियन्त्रणमा लिएको हो।

विशेष सूचनाको आधारमा

बाँकी पृष्ठ ४ ▶▶

## मधेशका मुख्यमन्त्री यादवलाई एमालेले पनि विश्वासको मत दिने

अपन दैनिक संवाददाता
सिरहा, जेठ ०६ गते



मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई नेकपा एमालेले पनि विश्वासको मत दिने भएको छ।

गत शुक्रबार विश्वासको मतका लागि दिन तय गरिए पनि स्थगित गरिएको थियो। जनता समाजवादी पार्टी नेपालका सांसदहरुले फ्लर क्रस गर्ने आशंकाले मुख्यमन्त्री यादवले विश्वासको मत लिने कार्यसूचीलाई स्थगित गरेका थिए। विश्वासको मतका लिन नयाँ मिति जेठ ८ गतेका लागि तय गरिएको छ।

कांग्रेस, जसपा नेपाल, लोसपा, नेकपा वीचमा मुख्यमन्त्री यादवलाई निरन्तरता दिने सहमति बनेको थियो। जसपा र लोसपाको एकीकरणलाई निर्वाचन आयोगले मान्यता दिएसँगै एकीकृत दलले जसपाले विश्वासको मत दिन आनाकानी गरेको थियो।

कांग्रेसबाट मुख्यमन्त्री रहेका यादवले विश्वासको मत पाउने/नपाउने अनिश्चित बनेपछि केन्द्रीय तहमा कांग्रेस र एमालेको वीचमा संवाद भएको थियो। कांग्रेस सभापति गगन थापा र उपसभापति विश्वप्रकाश शर्माले फरक फरक समयमा एमाले अध्यक्ष केपी ओलीलाई भेटेर सातै प्रदेशका सरकार बारे छलफल गरेका थिए।

दुई दलमा भएको प्रारम्भिक सहमति

बाँकी पृष्ठ २ ▶▶




## संसदीय दलको नेता चयनमा जसपाभित्र रस्साकस्सी, बैठक निष्कर्षविहीन

अपन दैनिक संवाददाता
जनकपुरधाम, जेठ ०६ गते



जनता समाजवादी पार्टी (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)बीच कानुनी रूपमा एकीकरण भएपछि मधेश प्रदेशमा पहिलो पटक दुवै पार्टीका संसदीय दलको संयुक्त बैठक बसेको छ। मधेश प्रदेशसभा सचिवालय परिसरस्थित जसपाको संसदीय दलको कार्यालयमा बुधबार बसेको बैठकमा एकीकृत संसदीय दलको नेता चयनबारे छलफल भए पनि सहमति हुन सकेन।

एकीकरणपछि संसदीय दलको नेता को बन्ने भन्ने विषयमा जसपाभित्र विवाद चर्किएको छ। तत्कालीन जसपा नेपाल र लोसपा नेपाल दुवै पक्षका संसदीय दलका नेताले आफूलाई एकीकृत दलको नेता हुनुपर्ने दाबी गरेका छन्। यही विवादका कारण गत शुक्रबार मुख्यमन्त्री कृष्णप्रसाद यादवले विश्वासको मत लिन सकेका थिएनन्।

शुक्रबार सदन सञ्चालनअघि बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकमा जसपा नेपाल र लोसपा नेपाल दुवै पक्षका नेताले आफू नै संसदीय दलको नेता रहेको दाबी गरेका थिए। एकताअघि तत्कालीन जसपाका संसदीय दलका नेता सरोजकुमार यादव थिए भने लोसपाका नेता जयनुल राइन रहेका थिए। यही विवाद समाधान गर्न बुधबार संयुक्त बैठक बोलाइएको थियो।

बैठकको सुरुमै अध्यक्षता कसले गर्ने भन्ने विषयमा विवाद उत्पन्न भएको थियो।

बाँकी पृष्ठ ४ ▶▶






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।

# कञ्चनपुर-कमला सडक आयोजनाको लागत तीन अर्बले बढ्यो, चौथो पटक म्याद थपको तयारी



हिउँदमा धुलाम्मे सडक र पानी पर्नासाथ हिलोको आहल, अनि साना-ठुला खाल्डाखुल्डी छिचोल्दै गुड्नुपर्ने गाडीहरू। पूर्व–पश्चिम राजमार्गअन्तर्गत सिरहाको लहान, गोलबजार, मिर्चैया र आसपासका रैथाने बजारले भागिरहेको अवस्था हो यो।

एसियाली विकास बैंक (एडिबी) को ऋण सहयोगमा नेपालको गौरव र रणनीतिक महत्वको 'एसियन हाइ-वे'अन्तर्गत कञ्चनपुर-कमला सडक खण्डको ८६ दशमलव ८३ किलोमिटर सडक विस्तार तथा स्तरोन्नति विगत छ वर्षदेखि अलपत्र छ।

नेपाल सरकार र निर्माण कम्पनी बिच २०७७ साल असार ११ गते सडक विस्तार र स्तरोन्नतिका लागि सम्झौता भएको थियो। सम्झौताअनुसार यो आयोजना २०८० कात्तिक ११ गतेभित्रै सम्पन्न भइसक्नुपर्ने थियो। तर, निर्माण कम्पनी 'चाइना रेलवे नं। २ इन्जिनियरिङ ग्रुप' को ढिलासुस्ती र आन्तरिक कारण निर्धारित समयमै काम हुन सकेन।

परिणामस्वरूप, आयोजनाको म्याद पहिले १४ महिना, त्यसपछि १२ महिना र पछिल्लो पटक छ महिना थपेर आगामी असार १६ गतेसम्म पुऱ्याइएको छ। अन्तिम म्याद सकिन अब करिब एक महिना मात्र बाँकी छँदा हालसम्मको समग्र भौतिक प्रगति जम्मा ६८ प्रतिशतमा सीमित छ। छ वर्ष बितिसक्दा पनि ३२ प्रतिशत काम बाँकी रहनुले ढिलासुस्तीको गम्भीर रूप देखाउँछ र चौथौं पटक म्याद थप्नुपर्ने अवस्था देखिएको छ।

आयोजना समयमै सम्पन्न नहुँदा नागरिकले त दुःख पाएका छन् नै समयमै पुँजीगत खर्च हुन नसक्दा राज्यले अनुत्पादक रूपमा बेहोर्नुपर्ने 'प्रतिबद्धता शुल्क'को भार समेत थपिएको छ। आयोजनामा भएको ढिलासुस्तीका कारण मात्रै सुरुवाती अनुमानित लागतभन्दा झन्डै तीन अर्ब बढीको अतिरिक्त लागत वृद्धि वित्तीय भार राज्य कोषमा थपिएको जनाइएको।

आयोजनाका पूर्वी खण्ड सडक योजना कार्यालयका प्रमुख नीरज शाक्यका अनुसार उक्त खण्डमा ३९ दशमलव ४२ किलोमिटरमध्ये हालसम्म २४ दशमलव ५८ किलोमिटर मात्र कालोपत्रे भएको छ। विगतमा काम सुस्त हुनुमा कोरोना महामारी, रुख कटानमा ढिलाइ, बिजुलीका पोल नसारिनु, र ठेकेदार कम्पनीको आन्तरिक वित्तीय तरलता मुख्य कारण थिए। साथै पश्चिमी खण्डका सूचना अधिकारी अनुपमकुमार साहका अनुसार ४७ दशमलव ४१ किलोमिटरमध्ये ३५ दशमलव ६१ किलोमिटरमा कालोपत्रे भइसकेको छ। मुख्य बजार क्षेत्रहरूमा विद्युत्का ट्रान्सफर्मर सार्न ढिलाइ हुनु र बिजुलीको पोल समयमा नहटाउँदा मुख्य बजार क्षेत्रमा कालोपत्रे गर्न ढिलाइ भएको हो।

मन्त्रालयले सम्झौता रद्द गर्ने सम्मको चेतावनी दिएपछि मात्र गत वैशाख १५ गतेदेखि लहानमा काम पुनः सुरु भएको पश्चिमी खण्ड सडक योजना कार्यालयका प्रमुख उज्जवल श्रेष्ठ बताउँछन्। यसअघि निर्माण कम्पनीले आन्तरिक वित्तीय समस्या देखाउँदै झन्डै तीन महिनासम्म सडक विस्तारको सम्पूर्ण काम ठप्प पारेको थियो।

वैदेशिक ऋण जस्तो संवेदनशील स्रोतको समयमै सदुपयोग हुन नसक्दा राज्यकोषले बेहोर्नुपरेको अदृश्य वित्तीय भार र नागरिकको सास्तीप्रति सरकार र निर्माण कम्पनी दुवै जबाफदेही बन्नुपर्ने देखिन्छ। आयोजनाको अन्तिम समय सीमाभित्र यो सडक निर्माण सम्पन्न गर्नु अन्तरराष्ट्रिय दातृ निकायहरूका माझ नेपालको आयोजना व्यवस्थापनको साखलाई कायम राख्नका लागि पनि उत्तिकै अपरिहार्य छ।

**'कमिटमेन्ट' चार्ज र ब्याजको भार**

आयोजनाको कुल लागत रु १५ अर्ब ६६ करोड रहेको छ, जसमा एसियाली विकास बैंक (एडिबी) को ७१ दशमलव २२ प्रतिशत ऋण र नेपाल सरकारको २८ दशमलव ७८ प्रतिशत लगानी छ। सार्वजनिक वित्त व्यवस्थापनको स्थापित सिद्धान्तअनुसार, दातृ निकायसँग ऋण सम्झौता भएर रकम विनियोजन भएपछि समयमै काम नभएर सो रकम खर्च हुन नसक्दा नेपाल सरकारले भुक्तानी नभएको वा थन्किएर बसेको रकममा पनि प्रतिबद्धता शुल्क वा ब्याज तिर्नुपर्ने हुन्छ।

अर्थशास्त्रका प्रध्यापक धरणीधर अधिकारी भन्छन्, "महत्त्वपूर्ण मानिएको रणनीतिक आयोजना समयमै सम्पन्न नहुँदा यसले मुलुकको आर्थिक, वातावरणीय र नागरिक स्वास्थ्यको क्षेत्रमा क्षति पुग्छ नै, वैदेशिक ऋण स्वीकृत भएको छ वर्षसम्म पनि कूल बजेटको झन्डै ३२ प्रतिशत हिस्सा खर्च हुन नसकेर फ्रिज जस्तै बस्नु भनेको राज्यले विना उपलब्धि ब्याज र कमिटमेन्ट चार्जको भार बोक्नु हो। यसले पुँजीगत खर्च र भौतिक प्रगति नभईकन पनि देशको ऋणको भार मात्र थपिरहेको छ, जुन कमजोर वित्तीय अनुशासन हो।"

**परियोजनाको लागत वृद्धि**

पटक-पटक म्याद थपिएसँगै परामर्शदाता शुल्क, प्रशासनिक खर्च, इन्धन र निर्माण सामग्रीको मूल्य वृद्धिका कारण आयोजनाको सुरुवाती अनुमानित लागतभन्दा वास्तविक खर्च उल्लेख्य रूपमा बढेर गएको छ।

नेपालस्थित एडिबी निर्देशनालयका सूचना अधिकारी ध्रुबकुमार श्रेष्ठका अनुसार आगामी असार १६ सम्म परामर्शदाताको सेवा अवधि थप गर्ने क्रममा साइटको विद्यमान अवस्था र थप प्राविधिक निगरानीको आवश्यकता देखिएको छ। उनले भने, "साइटको अवस्था र थप प्राविधिक निगरानीको आवश्यकताका आधारमा अतिरिक्त विज्ञहरूको परामर्श सेवा आवश्यक देखिएकाले प्रारम्भिक सम्झौता रकमको तुलनामा हालसम्म १८ दशमलव ९८ प्रतिशत अर्थात् रु दुई अर्ब ९७ करोड २२ लाखले लागत वृद्धि भएको हो।"

तर, निर्माण व्यवसायीको म्याद थप गर्ने क्रममा निर्माण सामग्रीको मूल्य समायोजनसम्बन्धी प्रावधानलाई 'फ्रिज' गरिएको हुँदा भविष्यमा पर्न सक्ने अतिरिक्त वित्तीय दायित्वलाई न्यूनीकरण गरिएको आयोजनाले जनाएको छ।

नेपाल सरकारका पूर्व सचिव इन्जिनियर अर्जुनजङ्ग थापा एडिबीको ऋण सहयोगमा विस्तार भइरहेका यस्ता ठुला आयोजना समयमै सम्पन्न हुन नसक्दा बर्सेनि लागत बढ्दै गई मुलुकको अर्थतन्त्रमा असर परिरहेको बताउनुहुन्छ। उहाँका अनुसार नेपालको झन्झटिलो खरिद प्रणाली, कमजोर अनुगमन, र जग्गा मुआब्जा तथा रुख कटान जस्ता पूर्वतयारी नै नगरी ठेक्का लगाउने परिपाटी यसको मुख्य कारण हो।

जिल्ला उद्योग वाणिज्य सङ्घ सिरहा, लहानका अध्यक्ष प्रदीपकुमार गुप्ताले सडक निर्माणमा भएको ढिलाइप्रति असन्तुष्ट व्यक्त गरे। उनले भने, "लहान र आसपासका सीमावर्ती ठाडी र माडर भन्सारसम्मको व्यापारिक 'कनेक्टिभिटी' यही मुख्य राजमार्गसँग जोडिन्छ। छ वर्षदेखि सडक अलपत्र पारिँदा ढुवानी लागत दोब्बर भएको छ, धुलो र सास्तीका कारण ग्राहकहरू आउनै छाडेका छन्, जसले गर्दा लहान बजारकै व्यापारिक चहलपहल शून्य प्रायः छ। राज्यको यो चरम गैरजिम्मेवारीका कारण निजी क्षेत्रले दैनिक करोडौंको व्यापारिक नोक्सानी व्यहोर्नु परिरहेको छ।"

लहानस्थित जेएस मुरारका क्याम्पसमा प्राध्यापनरत् अर्थशास्त्रका प्राध्यापक सजन साह विश्लेषण गर्छन्, "जब राष्ट्रिय राजमार्ग जस्तो मुलुककै मेरुदण्ड छ वर्षसम्म अलपत्र पर्छ, तब यसले देशको समष्टिगत आर्थिक सूचकहरूमा दीर्घकालीन असर पार्छ। व्यापारिक सडक समयमै नबन्दा ढुवानी लागत बढ्न गई औद्योगिक उत्पादकत्व

बाँकी पृष्ठ ३

## सम्पादकीय...

### ई-हाजिरी प्रयोगमा ल्याउ

सिरहा नगरपालिकाले कर्मचारीको व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने देखिएको छ। कर्मचारीहरु कार्यालय आउने र जाने गरेको गुनासोहरु सर्वत्र चर्चामा छ। कर्मचारीलाई जवाफदेही बनाउनु पर्ने आवश्यकता छ। सार्वजनिक प्रशासनलाई व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउन डिजिटल प्रविधिको प्रयोग जरुरी बनेको छ। सिरहा जिल्लाका विभिन्न सरकारी कार्यालय र बैंक तथा वित्तय संस्थाहरुमा ई-हाजिरी प्रणाली लागू गरिएको छ। कर्मचारीको दैनिक उपस्थितिलाई डिजिटल माध्यमबाट अभिलेखीकरण गर्ने, समयपालनलाई कडाइ गर्ने तथा सेवाप्रवाहलाई प्रभावकारी बनाउने लक्ष्यसहित सिरहा नगरपालिकामा पनि ई-हाजिरी मेसिन जडान गरिएको थियो। जडान गरिएको मेसिन अहिले प्रयोगविहीन बनेको छ।

प्रधानमन्त्री बालेन शाह नेतृत्वको वर्तमान सरकारको सामान्य प्रशासन मन्त्रालयले प्रत्येक कर्मचारीको उपस्थितिको विवरण डिजिटल माध्यमबाट सुरक्षित राख्न तथा प्रत्येक १५ दिनमा हाजिरी विवरण प्रमाणित गरी सुरक्षित राख्न निर्देशन दिएको छ। यसले सरकारी कार्यालयलाई आधुनिक प्रविधिसँग जोड्ने तथा प्रशासनिक सुधारलाई संस्थागत गर्नमा जोड दिएको छ। ई-हाजिरी प्रणाली भनेको मेसिन जडान गर्ने विषय मात्र होइन। कर्मचारी समयमै कार्यालय आउने, निर्धारित समयसम्म कार्य गर्ने र जिम्मेवारीप्रति उत्तरदायी बन्ने आधार ई-हाजिरी हो। यसले कार्यालयभित्र अनुशासन कायम गर्नुका साथै सेवाग्राहीलाई पनि सहज र प्रभावकारी सेवा दिन मद्दत पुऱ्याउँछ। तर सिरहा नगरपालिकामा जडान गरिएपनि प्रयोगमा नआउनु भनेको सरकारी स्रोत-साधनको दुरुपयोग हो। प्रशासनिक सुधारप्रतिको उदासीनता हो।

सिरहा नगरपालिकाले ई-हाजिरी प्रणालीलाई पूर्ण रूपमा सञ्चालनमा ल्याउन आवश्यक पहल गर्नुपर्छ। मेसिन प्रयोग नहुनुको कारण प्राविधिक समस्या हो वा कर्मचारीको लापरबाही भन्ने विषय स्पष्ट गरी तत्काल समाधान खोजिनुपर्छ। साथै कर्मचारीले पनि आफ्नो दायित्व बुझ्दै डिजिटल प्रणालीको प्रयोगमा सक्रियता देखाउन आवश्यक छ। डिजिटल शासन प्रणालीलाई प्रभावकारी बनाउन प्रविधिमात्र पर्याप्त हुँदैन, त्यसको प्रयोगप्रति इच्छाशक्ति र जिम्मेवारीबोध पनि उत्तिकै आवश्यक हुन्छ। सिरहा नगरपालिकाले ई-हाजिरी प्रणालीलाई व्यवहारमा लागू गर्न सके मात्र प्रशासनिक सुधार, पारदर्शिता र सुशासनको उद्देश्य सार्थक बन्न सक्छ। यसमा सिरहा नगरपालिकाका निर्वाचित जनप्रतिनिधिले पनि आवश्यकता अनुसारको सहजीकरण गर्नुपर्ने जरुरी देखिएको छ। जसले कर्मचारीले आफ्नो जवाफदेहिता पालना गर्नुमा कुनै छुट हुँदैन र समयपालना जोड दिन सकिन्छ।

## मधेशका मुख्यमन्त्री यादवलाई ...............

अनुसार मधेशमा एमालेका सांसदले मुख्यमन्त्री यादवलाई विश्वासको मत दिने भएका छन्। केन्द्रीय तहमा भएको सहमति अनुसार मधेश कांग्रेसका एक नेताले भने, 'मुख्यमन्त्रीलाई एमालेको पनि समर्थन रहन्छ।

कृष्ण यादवले विश्वासको मत पाउनुहुन्छ।'

कांग्रेस र एमालेबीचमा भएको सहमतिबारे बुधबार साँझ सभापति थापा र उपसभापति शर्माले मधेशका नेता एवं सांसदहरुसँग छलफल गर्ने भएका छन्। कांग्रेसले महोत्तरीको बर्दिवास बुधबारदेखि सुरु गरेको दुईदिने कार्यक्रमका लागि शीर्ष नेताहरु मधेशमा छन्।



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

## आजको राशिफल

**मेष** : आजको दिन बौद्धिक कार्यमा सफलता मिल्नेछ। विद्यार्थी वर्गका लागि नयाँ कुरा सिक्ने राम्रो अवसर छ।

**बृष** : आज पारिवारिक कलह वा विवाद बढ्न सक्ने भएकाले संयम रहनुहोला।

**मिथुन** : तपाईंको पराक्रम र साहसको कदर हुनेछ। दाजुभाइ वा नजिकका साथीभाइबाट सहयोग मिल्नेछ।

**कर्कट** : आर्थिक लाभ हुने र धन संचय बढ्ने समय छ। बोलीमा मिठास आउनेछ जसले गर्दा रोकिएका काम बन्नेछन्।

**सिंह** : आज तपाईंको व्यक्तित्वमा निखार आउनेछ। अधुरा रहेका कामहरू आफ्नै प्रयासमा सफल हुनेछन्।

**कन्या** : अनावश्यक खर्च बढ्नाले आर्थिक तनाव हुन सक्छ। कामको सिलसिलामा लामो दूरीको यात्रा गर्नुपर्ने हुन सक्छ।

**तुला** : आम्दानीका विभिन्न स्रोतहरू फेला पर्नेछन्। रोकिएको धन फिर्ता हुन सक्छ।


**वृश्चिक** : कार्यक्षेत्रमा तपाईंको वर्चस्व कायम रहनेछ। नयाँ रोजगारी वा पदोन्नतिको अवसर मिल्न सक्छ।

**धनु** : भाग्यले पूर्ण साथ दिनेछ। रोकिएका कामहरू ईश्वरीय कृपा वा गुरुको सल्लाहले पुरा हुनेछन्।

**मकर** : आज स्वास्थ्यमा प्रतिकूलता देखिन सक्छ, खानपान र आराममा ध्यान दिनुहोला।

**कुम्भ** : जीवनसाथीको सहयोगले नयाँ उचाइ हासिल हुनेछ। व्यापारिक साझेदारीबाट राम्रो मुनाफा मिल्नेछ।

**मीन** : आज शत्रुमाथि विजय प्राप्त गर्ने दिन हो। मुद्दा मामिलामा तपाईंकै जीत हुनेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

**औषधि प्रयोग गर्दा ध्यान दिऔं**

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं।
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं।
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं।
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं।
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं।

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, नरहा
मधेश प्रदेश, सिरहा (नेपाल)

# मधेशको ४४२ हेक्टर वनक्षेत्र अतिक्रमण मुक्त

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ०६ गते**

वर्षौंदेखि मधेश प्रदेशका विभिन्न जिल्लामा अतिक्रमित ४४२ हेक्टर वन क्षेत्र गत आर्थिक वर्ष २०८१/८२ मा अतिक्रमण मुक्त गरिएको छ।

मधेश प्रदेश वन निर्देशनालय जनकपुरधामका अनुसार थप अतिक्रमित वनक्षेत्र खाली गर्न तथा गराउन सम्बन्धित वन कार्यालयले सूचना जारी गरेका छन्।

निर्देशनालयबाट प्राप्त विवरण अनुसार धनुषामा ३० हेक्टर, सर्लाहीमा १७५ हेक्टर, सप्तरीमा १११ हेक्टर , बारामा ५४ हेक्टर, पर्सामा ४५ हेक्टर, रौटहटमा १२ हेक्टर, सिरहामा १० हेक्टर तथा महोत्तरीमा तीन हेक्टर वनक्षेत्रको जमिन फिर्ता लिइएको छ।



अतिक्रमित वनक्षेत्रमा खेतीपाती, गोठनिर्माण, होटल तथा पसल सञ्चालन, घरसमेत निर्माणगरी बसोबास भइरहेको थियो । निर्देशनालयका निर्देशक जग्गनाथप्रसाद जयसवालले मधेस प्रदेशको आठवटै जिल्लाबाट अहिले पनि १६ हजार ५९९ हेक्टर जमिन अतिक्रमणमा परेको जानकारी दिए।

अतिक्रमित वनक्षेको जमिन खाली गर्ने प्रक्रिया सुरु गरिएको तथा त्यसमा सबैको सहयोग आवश्यक रहेको बताए।

लामो समयदेखि अतिक्रमित वनक्षेत्रको समस्या समाधान गर्न प्रदेश सरकारले पहल गरिरहेको जनाइएको छ।

यसका लागि प्रशासनिक संयन्त्रले एक्लै समाधान गर्न नसक्ने भएकाले राजनीतिक तथा स्थानीय संयन्त्रको समन्वय आवश्यक रहकाले त्यसतर्फ काम भइरहेको निर्देशक जयसवालले उल्लेख गरे।

हाल नेपालमा ४५ प्रतिशत भू-भाग वनले ढाकेको भए पनि मधेश प्रदेशमा मात्र तीन दशमलव ७२ प्रतिशत भूभाग वनक्षेत्रले ढाकेको छ।

प्रदेशभरि दुई लाख दुई हजार २०२ हेक्टर जमिनमा वनक्षेत्र रहे पनि १३६ स्थानीय तहमध्ये ८९ वटामा वनक्षेत्र नै नभएको बताइएको छ। जसमध्ये मधेशको कुल वनक्षेत्रमध्ये आठ प्रतिशत वनक्षेत्र अतिक्रमणमा परेको हो।

# शैक्षिक क्षेत्रको गुणात्मक सुधारका लागि तीन नयाँ तालिम पाठ्यक्रम स्वीकृत

**अपन दैनिक संवाददाता**
**काठमाडौं, जेठ ०६ गते**

शैक्षिक जनशक्ति विकास परिषद्ले आज शैक्षिक क्षेत्रको गुणात्मक सुधार र प्रशासनिक सक्षमता अभिवृद्धिका लागि तीनवटा नयाँ सेवाकालीन तालिम पाठ्यक्रम स्वीकृत गरेको छ।




शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा सम्पन्न परिषद्को २९औं बैठकबाट 'शिक्षक प्रशिक्षक तालिम पाठ्यक्रम, २०८३', 'प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम पाठ्यक्रम, २०८३' र 'राजपत्राङ्कित नेपाल शिक्षा सेवाका द्वितीय श्रेणी, तृतीय श्रेणी तथा प्राविधिक सहायक कर्मचारीहरूको सेवाकालीन तालिम पाठ्यक्रम, २०८३' स्वीकृत गरेको हो।

शिक्षा नियमावली २०५९ को नियम ७२ बमोजिम स्थापित यस परिषद्ले शिक्षक, मन्त्रालयअन्तर्गतका कर्मचारी तथा शिक्षा क्षेत्रमा संलग्न व्यक्तिहरूको कार्यदक्षता विकास, नीति निर्माण र व्यवस्थापनका क्षेत्रमा काम गर्दै आएको छ।

मन्त्रालयका अनुसार, स्वीकृत नयाँ शिक्षक प्रशिक्षक तालिम पाठ्यक्रमको कार्यान्वयनबाट प्रशिक्षकहरूको क्षमता विकास भई शिक्षकहरूको पेसागत विकासका लागि सञ्चालन गरिने तालिमहरू थप प्रभावकारी हुने अपेक्षा गरिएको छ।

त्यसैगरी, प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम पाठ्यक्रमले विद्यालय शिक्षामा कुशल शैक्षिक नेतृत्वको विकास गर्ने र विद्यालयको समग्र प्राज्ञिक तथा प्रशासनिक पक्षको गुणस्तर अभिवृद्धिमा ठोस सहयोग पुऱ्याउने विश्वास लिइएको छ।

परिषद् बैठकले शिक्षा सेवाका राजपत्राङ्कित द्वितीय श्रेणी, तृतीय श्रेणी र प्राविधिक सहायक कर्मचारीहरूका लागि स्वीकृत गरेको सेवाकालीन पाठ्यक्रमले सङ्घीयताको मर्मअनुरूप तीनै तहका राष्ट्रसेवक कर्मचारीहरूको क्षमता विकास गर्ने लक्ष्य लिएको छ। यसबाट जनमुखी सेवा प्रवाह सुदृढ हुनुका साथै विभिन्न शैक्षिक कार्यक्रमहरूको परिणाममुखी कार्यान्वयनमा मद्दत पुग्ने अपेक्षा मन्त्रालयको छ।

## कञ्चनपुर-कमला सडक आयोजनाको लागत तीन अर्बले ............

घट्छ, जसले अन्ततः मुलुकको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदरमै संकुचन ल्याउँछ।"

**बजेट विनियोजन र खर्चको असन्तुलन**

रणनीतिक सडक समयमै सम्पन्न हुन नसक्दा अन्य उत्पादनशील क्षेत्रमा जानुपर्ने सरकारी बजेट र प्रशासनिक संयन्त्र वर्षौंदेखि यहीँ अल्झिरहेको छ। पूर्वी खण्ड (३९.४२ किमि) को रु सात अर्ब २७ करोड सम्झौता रकममध्ये ६३ दशमलव ७७ प्रतिशत र पश्चिम खण्ड (४७.४१ किमि) को रु आठ अर्ब ८० करोड ७० लाखमध्ये ५९ दशमलव ४२ प्रतिशत मात्र भुक्तानी हुनुले राज्यको अर्बौंको पुँजी वित्तीय रूपमा फ्रिज भएर अनुत्पादक बनेको पुष्टि गर्छ।

**नागरिकलाई धुलो र हिलोको सास्ती**

वित्तीय सूचक र प्राविधिक तथ्याङ्कहरू जति निराशाजनक देखिन्छन्, राजमार्ग छेउका रैथाने नागरिकले भोगिरहेको दैनिक सास्ती त्योभन्दा कयौं गुणा भयानक छ। लहानको मुख्य बजारमा वर्षौंदेखि चिया पसल चलाउँदै आएका सत्यनारायण साहको दैनिकी अचेल ग्राहकको प्रतिक्षाभन्दा बढी टेबल-कुर्सीको धुलो पुछ्नमा बित्छ। उनी आक्रोश र निराशा मिसाउँदै भन्छन्, "पहिले बिहानैदेखि ग्राहकको भीड हुन्थ्यो। अहिले चियाको कप टेबलमा राख्न नपाउँदै धुलोको पत्र जम्छ। छ वर्षदेखि उडेको यो धुलोले व्यापार चौपट मात्र पारेको छैन, हाम्रो त जिन्दगी नै धुलाम्मे बनाइदियो।"

साहको जस्तै पीडा लहान नगरपालिका–१ का दिनेश देवको पनि छ, जसले विगत दुई दशक देखि राजमार्गकै छेउमा स्टेसनरी पसल सञ्चालन गर्दै आएका छन्। उनी भन्छन्, "किताब-कापी जतिसुकै जोगाएर राखे पनि धुलैधुलो हुन्छन्। राज्यले राष्ट्रिय गौरवको राजमार्गलाई यसरी वर्षौंसम्म बेवारिसे छाड्न मिल्छ?" धुलोको यो सास्तीका कारण स्थानीयको स्वास्थ्यमा समेत 'क्रोनिक' समस्या निम्त्याइरहेको छ र हरेक घरमा वृद्धवृद्धा र बालबालिकाहरू खोकी, दम र एलर्जीको बिरामी भएका छन्।

सत्यनारायण र दिनेश पूर्व-पश्चिम राजमार्गको यो दुरावस्थाका प्रतिनिधि पात्र मात्र हुन्। विकासका नाममा छ वर्षसम्म राज्यले देखाएको यो उदासीनता विरुद्ध आक्रोशित बनेका लहान, गोलबजार र मिर्चैयाका स्थानीय बासिन्दाहरू कयौं पटक बाटो नै अवरुद्ध गरेर आन्दोलनमा उत्रिइसकेका छन्। रासस

**अपन दैनिक पत्रिका**

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# 'नेपाल भारतबिच बहुआयामिक विकास साझेदारीअन्तर्गत भवन सहयोग'

**अपन दैनिक संवाददाता**
**सप्तरी, जेठ ०६ गते**

भारतीय महाबाणिज्यदूत देवी सहाय मीनाले नेपाल भारतबिच बहुआयामिक विकास साझेदारीअन्तर्गत नेपालका विभिन्न जिल्लामा शिक्षा, स्वास्थ्यसहित पूर्वाधारका क्षेत्रमा सहयोग गरिरहेको बताएका छन्।



नेपालस्थित भारतीय राजदूतावास र सप्तरीको सुरुंगा नगरपालिकाको साझेदारीमा सुरुंगा- १ शिशुवारीस्थित जनता मा.वि.को सुविधा सम्पन्न तीनतले भवनको उद्घाटन गर्दै उनले भारत सरकारको उच्च प्रभाव सामुदायिक विकास परियोजनाअन्तर्गत विद्यालय भवन निर्माण गरिएको बताए। 'नेपाल सरकारले उच्च प्राथमिकतामा राखेका विद्यालय, क्याम्पस, अस्पताल, सडक, पुल, ढल निकास, तटबन्धजस्ता क्षेत्रमा नेपाल सरकारसँगै मिलेर नेपालीहरूको जीवन उत्थान र सर्वांगीण विकासका लागि काम गरिरहेको छ,' उनले भने।

'विद्यालय भवन निर्माणले विद्यार्थीहरूले सुविधा सम्पन्न र सुरक्षित वातावरणमा पढ्न पाउने वातावरण बनेको छ,' उनले भने, 'परियोजनाले स्थानीय जनताको जीवनस्तर उकास्न सरकारी प्रयासलाई थप सघाउन निरन्तर सहयोगलाई दर्शाउँछ।' भारत सरकारको सहयोगमा नेपालस्थित भारतीय दूतावासमार्फत मधेश प्रदेशमा शिक्षा, स्वास्थ्य, सडक, तटबन्ध, सिँचाइ, विद्युतलगायतका क्षेत्रसँग सम्बन्धित विभिन्न ८७ परियोजना सञ्चालन गरिएको उनले बताए। 'त्यसमध्ये ५४ वटा त शिक्षासम्बन्धी छन्,' उनले भने, 'सातवटा स्वास्थ्य, आठवटा सडक र पुल, एउटा तटबन्धलगायत छन्।' उनका अनुसार दूतावासमार्फत सञ्चालित परियोजनाअन्तर्गत सप्तरीका विभिन्न स्थानीय तहका

बाँकी पृष्ठ ४ ▸▸

## जेनजी आन्दोलनले मधेश प्रदेशमा झन्डै ३ अर्ब .............

बेरुजु नियन्त्रणमा प्रभावकारी काम नभएको उल्लेख गरिएको छ।

प्रतिवेदनले प्रदेश सरकारको बेरुजु रकमसमेत उल्लेख गरेको छ। प्रदेशको कुल बेरुजु रकम १ अर्ब ८७ करोड ३३ लाख ६१ हजार अर्थात् कुल बजेटको खर्च रकम मध्ये ३.७७ प्रतिशत बेरुजु रहेको जनाइएको छ। तीमध्ये असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र प्रमाण कागजात पेस गर्नुपर्ने शीर्षकका बेरुजु उल्लेखनीय रहेको प्रतिवेदनमा उल्लेख छ।

महालेखापरीक्षक कार्यालयका नायव महालेखा परीक्षक ताराप्रसाद पाण्डेले आर्थिक वर्ष २०८१/०८२ मा सम्पन्न भएका लेखापरीक्षण तथा आर्थिक अनुगमनसम्बन्धी विवरण समेटिएको प्रतिवेदन बुधबार मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णलाई हस्तान्तरण गरेका हुन्।

नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम तयार गरिएको उक्त प्रतिवेदनमा सरकारी निकायहरूको आर्थिक अनुशासन, बजेट खर्चको अवस्था, राजस्व संकलन, सार्वजनिक वित्तीय व्यवस्थापन तथा लेखापरीक्षणसम्बन्धी विविध पक्ष समावेश गरिएको जनाइएको छ।

प्रदेश सरकारको लागि सशर्त अनुदानतर्फ दुई अर्ब दुई करोड ६४ लाख २१ हजार प्राप्त भएकोमा खर्च हुन नसकी ४ करोड ७० लाख ६५ हजार बचत भई संघीय सरकारलाई फिर्ता भएको छ।

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :**

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ।
- दिमागमा असर पर्नसक्छ।
- समयमा नसुत्न सक्छन्।
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्।
- एकान्तमा बस्न मन पराउन सक्छन्।
- झिज्याहट हुन सक्छ।
- साथीहरूसँग घुलमिल नहुन सक्छन्।
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्।
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

सिरहा नगरपालिका
११ नं. वडा कार्यालय भलुवाही
मधेश प्रदेश, सिरहा (नेपाल)

**स्वच्छ शहर: स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं।
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं।
- तोकिएको स्थानमा मात्र फोहोर फालौं।
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं।
- सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं।
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं।
- ध्वनि र वायु प्रदूषण कम गरौं।
- सडकको समयसमयमा मर्मतसम्भार गरौं।
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

सिरहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिरहा
मधेश प्रदेश, सिरहा (नेपाल)

# पार्टी मिलाउन सबै विषयमा छलफल गर्न तयार छुः गगन थापा




**अपन दैनिक संवाददाता**
**महोत्तरी, जेठ ०६ गते**

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टी मिलाएर जाने सबै विषयमा छलफल गर्न तयार रहेको बताएका छन्।

महोत्तरीको बर्दिबासमा बुधबार आयोजित 'प्रदेश र स्थानीय तह केन्द्रीत प्रदेशस्तरीय भेला' सम्बोधन गर्दै उनले सबै कुरा मिलाउन तयार रहेको बताए।

'म सबै कुरामा छलफल गर्न तयार छु। सबै कुरा मिलाउन तयार छु' सभापति थापाले भने, 'साथीहरूको चित्त बुझाएर गर्छु। पार्टी मिलाएर जान्छु।'

सभापति थापाले संस्थापन इतर समूहका नेताहरूलाई क्रियाशील सदस्यता अद्यावधिकमा अवरोध सिर्जना नगर्न पनि आग्रह गरे। 'तर, पार्टी बलियो बनाउने कुरामा, पार्टीको सदस्यलाई बलियो बनाउने कुरामा कृपया यो अध्यावधि गर्ने कुरामा चाहिँ कसैले खिचपिच नगर्दिनु होला,' उनले भने।

इरत समूहले सदस्यता अद्यावधिक नगर्ने कारणबारे आफू अचम्म परेको पनि बताए। 'म त तिन छक्क परेको छु भगवान कसम मलाई त यो त अचम्मै लागेको छ,' उनले भने, 'यो अध्यावधिक नगर है, अध्यावधिक गर्न पाइदैन भनेर भनेको कुरा त भगवान कसम मैले बुझिरहेको छैन।'

पार्टीको कुनै पनि क्रियाशील सदस्यले चाहने बेलासम्म सदस्यता अद्यावधिक गर्न पाउने उनले बताए।

उम्मेदवारलाई कुनै पनि मतदाताले मत नहाल्न पाए पनि पार्टीको क्रियाशील सदस्यले रूख चिन्हभन्दा दायाँबायाँ गरेर मत हाल्छु भन्ने नपाइने सभापति थापाको भनाइ थियो।

'पार्टीको कुनै पनि उम्मेदवारलाई कुनै पनि मतदाताले मत नहाल्न पाउँछ। म कहिले पनि मतदाता आफ्नो हुन्छ भन्ने मान्दिनँ,' उनले भने, 'क्रियाशील सदस्य भएर, पार्टीको नेता भएर मन परे पनि, मन नपरे पनि, आएको उम्मेदवारलाई रुख चिन्ह भन्दा दायाँबायाँ गरेर मत हाल्छु भन्ने कुरा चाहिँ पाइँदैन।'

सभापति थापाले गएको निर्वाचनमा कांग्रेसका उम्मेदवारहरूलाई मत नहाल्ने नेतालाई केही समयका लागि पार्टीको सदस्यबाट बाहिर राखिने पनि दोहोऱ्याए।

'उ केही समय कांग्रेसको सदस्य हुने कुराबाट बाहिर रहन्छ। उ रहनुपर्छ,' सभापति थापाले भने, 'उसलाई अरू के गर्ने हो ? हामीले घर सम्पत्ति लाने होइन ?'

## 'नेपाल भारतबिच बहुआयामिक विकास ................

लागि स्वीकृत नौमध्ये सातवटा सम्पन्न भइसकेको र दुईवटा सञ्चालन भइरहेको छ।

दूतावासमार्फत विभिन्न जिल्लामा उपहारस्वरूप उपलब्ध गराइएको दुई सय ३२ एम्बुलेन्स र ४० स्कुल बसमध्ये २६ एम्बुलेन्स र ४० बस सप्तरी जिल्लाका लागि दिइएको उनले बताए। जिल्लाका विभिन्न ठाउँका स्वास्थ्य संस्था र विद्यालयलाई उपलब्ध गराइएको एम्बुलेन्स र बसले स्वास्थ्य र शिक्षाजस्तो क्षेत्रका लागि महत्वपूर्ण पूर्वाधारको रूपमा काम गरेको उनले बताए।

**भवनले विद्यालयलाई सहज**

दूतावासको ८० र नगरपालिकाको २० प्रतिशत साझेदारीमा जिल्लाको पश्चिम उत्तरी कुनामा पर्ने सिमान्त गाउँ शिशुवारीस्थित जनता मा.वि. को तीनतले नयाँ भवन मूल्य अभिबृद्धि कर र पिएससहित तीन करोड १४ लाख नौ हजार ६४० रुपैयाँ लागतमा बनेको हो। सिरहाको लहान १९ स्थित सूर्यकुण्ड- गोपीकृष्ण जेभीले तोकिएकै समयमा भवन निर्माण सम्पन्न गरेको विद्यालयका प्रधानाध्यापक दिनेशकुमार यादवले जानकारी दिए।

भवन उद्घाटनपछि कक्षा १ देखि १२ सम्मका ६२७ विद्यार्थीका लागि कक्षा कोठा, विद्यालयको कार्यालय व्यवस्थापन, बैठक कक्ष सञ्चालनका लागि सहज भएको उनले बताए। 'एसइईपछिका कक्षा ११ र १२ अन्तर्गत स्थानीय विद्यार्थीका लागि लक्षित गरी व्यवस्थापन, शिक्षा संकायको नियमित कक्षा सञ्चालन हुँदै आएको छ,' उनले भने, 'चालू शैक्षिक सत्रदेखि कानुन संकाय सञ्चालन गर्ने तयारी गर्दछौँ।'

विद्यालयका पूर्वविद्यार्थीसमेत रहेका सुरुंगा १ का वडाध्यक्ष छत्रबहादुर राउतका अनुसार स्थानीय समाजसेवी ध्रुवबहादुर राउतको पहल र सक्रियतामा वि.सं. २००८ सालमा स्थापना भएको उक्त विद्यालय नगर क्षेत्रमा रहेका सातवटा माविहरूमध्ये एसइई उत्तीर्ण दर र कक्षा १२ को नतिजा अब्ब्ल रहेको छ। 'विद्यालयको भौतिक पूर्वाधारको विकास र शैक्षिक गुणस्तर कायम गर्दै चालू शैक्षिक सत्रदेखि १ देखि ५ कक्षासम्म अंग्रेजी माध्यममा पठनपाठन हुँदै छ,' उनले भने, 'त्यसमा वडा कार्यालयले पनि आवश्य सहयोग र समन्वय गरिरहेको छ।'

## संसदीय दलको नेता चयनमा .............

सरोजकुमार यादवले आफू हालसम्म संसदीय दलको नेता रहेको भन्दै आफ्नै अध्यक्षतामा बैठक बस्नुपर्ने अडान राखेका थिए। उनले जसपा पार्टी यथावत रहेको र लोसपा त्यसमा गाभिएको तर्कसमेत गरेका थिए। तर, लोसपा पक्षबाट सहभागी पूर्वमुख्यमन्त्री जितेन्द्र सोनलले दुई पार्टी औपचारिक रूपमा एकीकृत भइसकेकाले नयाँ प्रक्रिया अनुसार संसदीय दलको नेता र प्रमुख सचेतक चयन गर्नुपर्नेमा जोड दिए।

एकीकरणपछि मधेश प्रदेशसभामा जसपा सबैभन्दा ठूलो दल बनेको छ। तत्कालीन जसपाका १८ र लोसपाका ८ गरी एकीकृत दलका कुल २६ सांसद रहेका छन्। जसपाका दुई प्रदेशसभा सदस्य सरोज सिंह कुश्वाहा भष्टाचार मुद्दामा र तत्कालीन लोसपाका अभिराम शर्मा मधेश आन्दोलनको क्रममा मारिएका सशस्त्र प्रहरी असई थमन विक हत्या प्रकरणमा मुछिएपछि हाल निलम्बनमा छन्।

संसदीय दलको नेताका लागि पूर्वमुख्यमन्त्रीहरू लालबाबु राउत, सरोजकुमार यादव र जितेन्द्र सोनल आकांक्षी छन्। बुधबारको बैठकमा सहमति जुट्न नसकेपछि बैठक बिहीबार बिहान ११ बजेसम्मका लागि स्थगित गरिएको छ। बिहीबारको बैठकमा जसपाका वरिष्ठ नेता तथा राष्ट्रियसभा सदस्य महन्थ ठाकुर सहभागी हुने जनाइएको छ।

पूर्वमुख्यमन्त्री तथा जसपाका संसदीय दलका नेता सरोज कुमार यादवले सर्वसमतिबाट दलका नेता चयन नभएको खण्डमा चुनावी प्रक्रियाबाट दलका नेता छनोट हुने बताए। स्रोतका अनुसार पार्टी अध्यक्ष उपेन्द्र यादवले मधेश प्रदेशमा संसदीय दलको नेता चयनमा सहमति जुटाउने जिम्मेवारी महन्थ ठाकुरलाई दिएका छन्।

सोनल ठाकुर निकट मानिने भएकाले अध्यक्ष यादवले प्रत्यक्ष हस्तक्षेप नगरे सोनलको सम्भावना बलियो देखिएको छ। तर, ठाकुरले एकतर्फी निर्णय गर्न खोजे सरोजकुमार यादव पक्षले निर्वाचन प्रक्रियामा जान दबाब दिन सक्ने जसपाका एक सांसदले बताएका छन्।

यादव र सोनलबीच सहमति हुन नसके पहिलो विकल्पका रूपमा लालबाबु राउतलाई संसदीय दलको नेतामा अघि सार्न सकिने सम्भावनासमेत रहेको ती सांसदको भनाइ छ।

# 'कृत्रिम पोखरीले चुरेको पानी सङ्कट टर्ने'

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ०६ गते**



लहान नगरपालिकामा निर्माण सुरु गरिएको नयाँ बहुउद्देश्यीय कृत्रिम पोखरीले चुरे क्षेत्रको पानीको सङ्कट टार्ने र सयौं बिघा जमिनमा सिँचाइ सुविधा पुर्याउने सरोकारवालाहरूले दाबी गरेका छन्। जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि लहानका वडा नं १५ र १८ मा यसअघि नै नौवटा बहुउद्देश्यीय मानवनिर्मित कृत्रिम पोखरी निर्माण भइसकेको पृष्ठभूमिमा राजदेवी चुरे सामुदायिक वनभित्र पर्ने ढोड्ना खोलाकिनारको १० बिघा क्षेत्रफलमा बृहत् पोखरीको शिलान्यास गरिएको हो।

स्थानीय जनप्रतिनिधि तथा वातावरणविद्हरूले यस्तो परियोजना चुरे संरक्षण र पर्यापर्यटनका लागि कोसेढुङ्गा सावित हुने दाबी गरेका छन्। लहान नगरपालिका-१५ का वडाध्यक्ष तेजनारायण चौधरीले पोखरी निर्माणपछि चुरे फेदीका लाग्राहा र आसपासका किसानले राहत पाउने दाबी गरे।

उनले भने, "यस वडामा बन्ने नयाँ पोखरीले चुरे फेदीका लाग्राहा र आसपासका करिब पाँच सय बिघा खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुग्नेछ, जसले किसानको उत्पादकत्व बढाउन प्रत्यक्ष मद्दत पुग्नेछ।" पोखरी निर्माणपछि पर्यापर्यटनसँगै कृषि क्षेत्रमा समेत सहयोग पुग्ने उनको विश्वास छ।

त्यस्तै, वातावरणविद् दिनेश यादवले पुराना आहाल र पोखरी मासिएका कारण चुरेमा पानीको मुहान सुक्दै गएको उल्लेख गर्दै यस कृत्रिम पोखरीले 'वाटर रिचार्ज' को मुख्य काम गर्ने दाबी गरे। "जलवायु परिवर्तनको असरले चुरे आसपासका बस्तीमा पानीको सङ्कट भयावह बन्दैछ। पोखरीहरूले जमिनमा पानी रिचार्जको मुख्य काम गर्छन्। तर, पुराना आहाल र पोखरी नै मासिएपछि जमिन रिचार्ज हुन नपाएर पानीका मूल बर्सेनि सुक्दै गएका हुन्। बर्खाको पानीलाई यस्ता कृत्रिम पोखरीमा जम्मा गरी वरिपरिको जमिनलाई चिस्यानयुक्त बनाइराख्न यो परियोजनाले ठूलो मद्दत पुर्याउनेछ", यादवले भने।

केयर नेपालका कार्यक्रम व्यवस्थापक जगदीश भट्टले पनि वन क्षेत्रभित्र बन्ने यस्ता पोखरीले वन्यजन्तुको तिर्खा मेटाउनुका साथै जैविक विविधता र माछापालनमा समेत बहुआयामिक फाइदा पुर्याउने दाबी गरे। उनले भने, "यस्ता बहुउद्देश्यीय कृत्रिम पोखरी निर्माणले जैविक विविधताको संरक्षण, पर्यापर्यटनको प्रवर्द्धन, स्थानीयको जीविकोपार्जन र माछापालनमा सहयोग पुग्छ। यसका साथै स्थानीय किसानलाई सिँचाइको व्यवस्था हुनुका साथै जमिनमुनिको पानीको सतह बढाउन 'वाटर रिचार्ज'को कामसमेत हुनेछ।"

लहान नगरपालिकाको समन्वयमा केयर नेपाल, फेकोफन र राष्ट्रिय कृषक समूह महासङ्घको संयुक्त 'संरक्षण परियोजना' अन्तर्गत रु १० लाख ५१ हजारको आर्थिक सहयोग र नगरपालिकाको प्राविधिक सहयोगमा यो पोखरी आगामी एक महिनाभित्रै सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

लहान नगरपालिकाले चुरे क्षेत्रको पर्यावरण र सुक्दै गएका पानीका मुहान जोगाउने कार्यलाई प्राथमिकतामा राखेको जनाएको छ। चुरे क्षेत्रको संरक्षण र स्थानीयको जीवनस्तर सुधारका लागि एकीकृत प्रयास आवश्यक रहेको उल्लेख गर्दै लहान नगरपालिकाका नगरप्रमुख महेश चौधरीले भने, "चुरे संरक्षण हाम्रा लागि जीवनमरणको सवाल बनेको छ। वनक्षेत्रमा पानीको सङ्कट हुँदा पर्यावरणमात्र होइन, तल्लो तटीय क्षेत्रको कृषिसमेत सङ्कटमा पर्छ। त्यसैले विभिन्न साझेदार संस्थाहरूसँग समन्वय गरेर हामीले चुरे क्षेत्रमा कृत्रिम पोखरी निर्माणलाई अभियानकै रूपमा अघि बढाएका छौं। नगरपालिका यसको दिगो व्यवस्थापनका लागि सधैं प्रतिबद्ध छ।"

# सडक ढलानको भिडिओ बनाएको भनेर वडाध्यक्षबाट कुटिए युवक

**अपन दैनिक संवाददाता**
**बारा, जेठ ०६ गते**

बाराको परवानीपुर गाउँपालिका वडा नं ५ का वडा अध्यक्ष रामेश्वर प्रसाद साह कलवारले एक युवकलाई कुटपिट गरेका छन्।

उनले बुधबार बिहान साढे ८ बजे स्थानीय युवक दिपु कुमार महतो (दास)लाई कुटपिट गरेका हुन्।

मधेश प्रदेश सरकारको ३० लाख रुपैयाँको सशर्त अनुदानमा वडा स्थित सिँचाईको नहरमा सडक ढलानको काम भइरहेको छ।

उपभोक्ता समिति मार्फत भइरहेको



कामको गुणस्तर कमजोर रहेको र गाउँको पानीको निकास नदिइ सडक बनाइएको भन्दै स्थानीयले विरोध जनाउँदै आएका छन्।

सडक ढलानको भिडिओ बनाउँदै गरेको अवस्थामा आफूलाई वडा अध्यक्ष रामेश्वरले कुटपिट गरेको दिपुले बताएका छन्।

'ढलान गरिरहेको भिडियो खिचिरहेको थिँए, वडा अध्यक्ष एक्कासि आवेसमा आएर भिडियो खिच्ने तिम्रो अधिकार के छ ? भन्दै कुटपिट गर्न थाले,' दिपुले भने।

वडा अध्यक्ष रामेश्वरले बाँया कानमा झापड हानेका कारण आफ्नो कान बन्द भएको उनी बताउँछन्।

वडा अध्यक्ष रामेश्वर र उनलाई सहयोग गर्ने उपभोक्ता समितिका अध्यक्ष राम पटेल र उनको दाई धुनु पटेल विरुद्ध ईलाका प्रहरी कार्यालय प्रसौनीमा आवश्यक कारबाहीका लागि निवेदन दिएको दिपुले जानकारी दिएका छन्।

वडा अध्यक्ष रामेश्वरले भने भिडियो नगर्न आग्रह गर्दा दिपुले धकेलेर लडाएपछि स्थिति बिग्रिएको बताए।

'उसले नगर भन्दाभन्दै भिडियो गर्छ, हात हाल्छ भने के म मुख हेरेर बस्ने ?' उनले भने।

उनले मधेश प्रदेश सरकारले सुरुमा ३० लाख बजेट दिने भने पनि २४ लाख रुपैयाँ विनियोजन गरेको र सोही अनुसार काम भइरहेको बताए।

## २६ ग्रामभन्दा बढी ब्रउनसुगर .............

लागुऔषध नियन्त्रण ब्यूरो गोलबजार र इलाका प्रहरी कार्यालाय विष्णुपुरबाट खटिएको संयुक्त प्रहरी टोलिले सिरहाबाट काठमाडौं जाँदै गरेको बा.प्र.०३-००१ ख ३५३७ नम्बरको यात्रुवहाक बसलाई रोकी चेकजाँच गर्दा रामउदगार यादवको साथबाट उक्त लागुऔषध फेला परेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी रमेश बहादुर पालले जानकारी दिए।

उनीहरुको साथबाट एक थान डिजीटल तराजुसमेत फेला परेको प्रहरीले बताए।

उनीहरुलाइ बुधबार जिल्ला अदालतबाट ७ दिनको म्याद लिई थप अनुसकान गरिरहेको प्रहरीको भनाई छ।

**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सडक, पार्क, विद्यालय, अस्पताल जस्ता संरचनामा तोडफोड नगरौं।
- सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहोर नगरौं।
- विद्युत, पानी तथा अन्य स्रोतको बचत गरौं।
- सरकारी सामग्रीको दुरुपयोग र हिनामिना हुन नदिऔं।
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं।
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं।

**सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक

*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल*